प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, जेठ २२ गते, २०८२ साल (सङ्ख्या ०३


भाग ३

<u>सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सूचना</u>

# गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८२

**<u>प्रस्तावना:</u>** घरेलु हिंसा, लैंङ्गिक हिंसा वा मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित भई डर तथा असुरक्षा महसुस गरी आफ्नो घर, परिवार र समाजमा नियमित जीवनयापन गर्न नसकिरहेका महिला तथा बालिकाहरूको संरक्षण, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानूनी सहायता, पारिवारिक पुनर्मिलन तथा जीविकोपार्जन सीपका माध्यमबाट समाजमा पुनर्स्थापना गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ओसारपसार" भन्नाले "किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने" कार्यलाई सम्झनु पर्छ ।

(ख) "आश्रित बालबालिका" भन्नाले पीडितसँग आश्रित सात बर्षमुनिका बालबालिका सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले दफा ३ बमोजिम स्थापना हुने "गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र सम्झनु पर्छ ।

(घ) "केन्द्र प्रमुख" भन्नाले पुर्नस्थापना केन्द्रको प्रमुख भई कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ।

(ङ) "संस्था" भन्नाले दफा ११ बमोजिम केन्द्र सञ्चालन गर्न छनौट भएको संस्था सम्झनु पर्छ।

(च) “कोष” भन्नाले दफा १४ बमोजिमको कोष सम्झनु पर्छ ।

(छ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारिरीक मानसिक यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ ।

(ज) "निर्देशक समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "पीडित तथा प्रभावित" भन्नाले घरेलु हिंसा, लैङ्गिक हिंसा, मानव बेचविखन र यौनजन्य हिंसामा परी उच्च जोखिममा रहेका महिला तथा बालिका सम्झनु पर्छ।

(ञ) “मानव वेचविखन” भन्नाले “कुनै पनि उद्दश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र बेश्यागमन गर्ने” कार्यलाई सम्झनु पर्छ ।

(ट) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकारको महिला तथा बालबालिका सम्बन्धी बिषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "लैङ्गिक हिंसा" भन्नाले लैंङ्गिक आधारमा हुने महिला र बालिका विरुद्धका हिंसा र ज्यादती सम्झनु पर्छ ।

(ड) "व्यवस्थापन समिति" भन्नाले दफा ७ बमोजिमको व्यवस्थापन समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## **केन्द्र स्थापना**

३. **केन्द्रको स्थापनाः** (१) मन्त्रालयले हिंसा पीडित महिला तथा बालिकाहरूको उद्धार, संरक्षण तथा पुनर्स्थापनाको लागि गण्डकी प्रदेशमा एक दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ।

(२) केन्द्र पोखरा महानगरपालिका वडा नं ३३, पुष्प बस्तीमा अवस्थित जग्गा तथा भवनमा सञ्चालन हुनेछ ।

(३) केन्द्रको सञ्चालन मन्त्रालयले आँफै वा यस कार्यविधि बमोजिम छनौट भएको संस्था मार्फत गर्नेछ।

४. **निर्देशक समितिः** (१) केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक समन्वय, नियमित सुपरिवेक्षण, नीतिगत निर्णय र निर्देशनको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख, पोखरा महानगरपालिका -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव,प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव,प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(च) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की -सदस्य

(छ) प्रमुख, गण्डकी प्रदेश प्रहरी कार्यालय -सदस्य

(ज) सामाजिक विकास महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) निर्देशक समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) हिंसा पीडित एवम् मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको संरक्षण र पुनर्स्थापनाका लागि प्रदेश सरकारलाई नीतिगत सुझाव दिने,

(ख) हिंसा पीडित एवम् मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको संरक्षण र पुनर्स्थापनाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा नीतिगत निर्णय गर्ने,

(ग) केन्द्रको प्रभावकारी सञ्चालनका लागि व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(घ) केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने बजेट नियमित रुपमा उपलब्ध गराउन पहल गर्ने,

(ङ) केन्द्रमा हुने खर्चको हिसाबकिताब तथा जिन्सी सामानको लेखा पारदर्शी रुपमा राख्न लगाउने,

(च) समय-समयमा केन्द्रको अनुगमन, मूल्याङ्कन तथा नियमन गरी आवश्यक निर्देशन दिने,

(छ) केन्द्रको सेवा सम्बन्धी प्रचलित कानुन बमोजिम अन्य काम गर्ने, गराउने।

६. **निर्देशक समितिको बैठकः** (१) निर्देशक समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ।

(२) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा व्यक्तिलाई निर्देशक समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको वैठकको निर्णय समितिको अध्यक्षले प्रमाणित गर्नेछ।

७. **व्यवस्थापन समितिः** (१) केन्द्रको व्यवस्थापन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य

(ग) वडाध्यक्ष, वडा नं ३३, पोखरा महानगरपालिका -सदस्य

(घ) OCMC पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान OCMC focal Person -सदस्य

(ङ) मन्त्रालयको सम्बन्धित शाखा प्रमुख -सदस्य-सचिव

(२) व्यवस्थापन समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

८. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रमा रहेका पीडित तथा प्रभावितहरूको व्यक्तिगत विवरण तयार गरी गराई निर्देशक समिति समक्ष पेश गर्ने,

(ख) केन्द्र सञ्चालनको लागि आवश्यक योजना तथा बजेट तयार पारी प्रत्येक वर्षको चैत्र मसान्तभित्र मन्त्रालय समक्ष पेश गर्ने,

(ग) कोष सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कार्य गर्ने,

(घ) केन्द्रको आय-व्यय सम्बन्धी विवरण चुस्त दुरुस्त राख्न लगाउने,

(ङ) निर्देशक समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(च) अन्य सरोकारवाला निकाय तथा संघसंस्थाहरूसँग समन्वय गर्ने,

(छ) केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने।

९. **व्यवस्थापन समितिको बैठकः** (१) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखेको भएतापनि व्यवस्थापन समितिको वैठक कम्तिमा तीन महिनामा १ पटक बस्नुपर्नेछ ।

(३) व्यवस्थापन समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) वैठकको निर्णय समितिको संयोजकले प्रमाणित गर्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **स्थानीय सहयोग समितिः** (१) केन्द्रको व्यवस्थापनको लागि आवश्यक सहयोग, सहजिकरण गर्न देहाय बमोजिमको एक स्थानीय सहयोग समिति रहनेछः-

(क) वडाध्यक्ष, पोखरा महानगरपालिका वडा नं ३३ -संयोजक

(ख) नजिकको प्रहरी चौकीको प्रमुख -सदस्य

(ग) केन्द्र प्रमुख -सदस्य-सचिव

(२) स्थानीय सहयोग समितिको सचिवालय केन्द्रमा रहनेछ।

११. **स्थानीय सहयोग समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय सहयोग समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रमा रहेका पीडित तथा प्रभावितहरूको हेरचाह तथा संरक्षणमा सहयोग गर्ने।

(ख) पीडित तथा प्रभावितहरूको अवस्था पहिचान गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि पहल गर्ने,

(ग) केन्द्रमा हुन सक्ने विवाद व्यवस्थापनमा सहयोग गर्ने ।

(घ) अन्य सरोकारवाला निकाय तथा संघसंस्थाहरूसँग समन्वय गर्ने,

(ङ) निर्देशक समिति तथा व्यवस्थापन समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने।

परिच्छेद-३

**संस्थासँगको साझेदारी**

१२. **संस्था छनौटः** (१) दफा ३ को उपदफा (३) बमोजिम सँस्थासँगको साझेदारीमा केन्द्र सञ्चालन गर्नुपर्ने भएमा त्यस्तो संस्था छनौटका लागि मन्त्रालयले तोकेको ढाँचामा प्रस्ताव पेश गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा २१ दिनको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट गर्ने संस्थाको मूल्याङ्कनका आधारहरू अनुसूचि-१ बमोजिम हुनेछन्।

(३) उपदफा (२) बमोजिम छनौट भएका संस्थाको सम्झौताको अवधि तीन वर्षको हुनेछ।संस्थाको कार्य सन्तोषजनक भएमा व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले दुई वर्ष सम्म थप गर्न सक्नेछ।

तर, संस्थाको कार्य सन्तोषजनक नभएमा वा जुनसुकै बखत व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले सम्झौताको अन्त्य गर्न सक्नेछ।

१३. **संस्थाको योग्यताः** दफा १२ बमोजिमको प्रस्तावक संस्थाको योग्यता देहायबमोजिम हुनेछः-

(क) प्रचलित कानुन बमोजिम दर्ता भएको,

(ख) लैङ्गिक हिँसा, घरेलु हिँसा, मानव वेचविखन विरुद्धको कसुर लगायतका नेपाल कानुनको उल्लंघन गरी कुनै सजाय पाएको सञ्चालक नभएको,

(ग) लैङ्गिक हिँसा, घरेलु हिँसा, मानव वेचविखन विरुद्धको क्षेत्रमा कम्तिमा तीन वर्ष कार्य गरेको,

(घ) प्रचलित कानुन बमोजिम अयोग्य नभएको,

परिच्छेद-४

**कोषको व्यवस्था**

१४. **कोष:** (१) यस कार्यविधि बमोजिम स्थापना हुने केन्द्रको सञ्चालनको लागि प्रदेश सरकारले एक कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा २ को खण्ड (घ) बमोजिम सहयोग प्राप्त गर्दा प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

१५. **कोषको खाता सञ्चालन:** (१) कोषलाई आवर्ति (रिभल्विङ्ग) कोषको रुपमा सञ्चालन गरिनेछ ।

(२) कोषको खाता प्रदेश लेखा नियन्त्रक कार्यालयको विविध खातामा रहनेछ ।

(३) उपदफा (२) बमोजिम खोलिएको खाताको सञ्चालन मन्त्रालयले गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको खाता सञ्चालनको सम्बन्धमा मन्त्रालयको लेखा उत्तरदायी अधिकृत जिम्मेबार र जवाफदेही हुनेछ ।

१६. **कोषको प्रयोग:** कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गरिनेछः-

(क) केन्द्रको प्रशासनिक कार्य सञ्चालन गर्न,

(ख) केन्द्रको नियमित मर्मत सम्भार गर्न,

(ख) संस्थासँगको सम्झौता बमोजिमको रकम भुक्तानी गर्न,

(ग) पीडित तथा प्रभावितलाई सेवा, सुविधा र सुरक्षा प्रदान गर्न,

(घ) यस कार्यविधि बमोजिम केन्द्र सञ्चालन गर्दा हुने सम्पूर्ण खर्च,

(घ) केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थापन समितिले औंल्याएका अन्य आवश्यक कार्यमा खर्च गर्न।

१७. **कोषको लेखा र लेखा परिक्षण:** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारको प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

१८. **जानकारी गराउनु पर्ने:** केन्द्र प्रमुखले केन्द्र सञ्चालनको लागि कोषबाट भएको खर्चका सम्बन्धमा त्रैमासिक रुपमा व्यवस्थापन समितिलाई जानकारी गराउनुपर्नेछ।

परिच्छेद ५

## दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन

१९. **साझेदारी गर्न सकिने:** (१) मन्त्रालयले केन्द्र सञ्चालन गर्न आवश्यक पर्ने रकम पोखरा महानगरपालिकासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत साझेदारीको हिस्सा बार्षिक खर्चको पूर्वानुमान गरी मन्त्रालयको सत्तरी प्रतिशत र पोखरा महानगरपालिकाको तीस प्रतिशत हुनेछ ।

(३) चालु आर्थिक वर्षमा केन्द्र सञ्चालनको लागि विनियोजित चालू र पूँजिगत रकम मन्त्रालयले प्रचलित कानून बमोजिम प्रस्तावित भवन र परिसरको सरसफाई, मर्मत सम्भार तथा पूर्व तयारीका अन्य कार्यहरू (Logistic) मा खर्च गर्न सक्नेछ र बाँकी रकम दफा १४ बमोजिमको कोषमा राख्नेछ ।

२०. **केन्द्रमा पीडितहरूलाई राख्ने आधारहरु:** (१) केन्द्रमा पीडित तथा प्रभावितलाई राख्ने आधारहरू देहाय बमोजिम हुनेछन्:-

(क) मन्त्रालयले सिफारिस (Refer) गरेका,

(ख) जिल्लास्थित अल्पकालिन सेवा केन्द्रहरूबाट सिफारिस (Refer) भई आएका,

(ग) एकद्वार संकट व्यवस्थापन केन्द्र (0CMC), जिल्ला प्रहरी कार्यालय वा अन्तर्गतबाट सिफारिस (Refer) भई आएका,

(घ) पोखरा महानगरपालिकाबाट सिफारिस गरिएका ।

(२) उपदफा (१) बमोजिमका पीडित तथा प्रभावितहरूलाई केन्द्रमा सिफारिस गरी पठाउँदा अनुसूची- २ को ढाँचामा पीडित तथा प्रभावितको पहिचान तथा प्रमाणिकरण फारम सहित पीडितसँग सम्बन्धित अन्य सम्पूर्ण कागजातहरू सहित केन्द्रमा पठाउनुपर्नेछ ।

(३) केन्द्रको क्षमताको कारण पीडित तथा प्रभावितलाई केन्द्रमा राख्न नसक्ने अवस्था भएमा उपयुक्त अन्य आवास गृहमा राख्न केन्द्रले समन्वय गर्नुपर्नेछ ।

(४) केन्द्रमा पीडित तथा प्रभावितलाई बुझाइसकेपछि बुझाउने र बुझ्ने पक्षले अनुसूची-३ बमोजिमको ढाँचामा कागज गरी पीडितलाई बुझाउन लिएर आउने पीडितको नजिकको संरक्षक वा सिफारिस (Refer) गर्ने निकायको प्रतिनिधिलाई एक प्रति बुझाउनुपर्नेछ ।

२१. **<u>जनशक्ति व्यवस्थापनः</u>** (१) केन्द्रमा देहाय बमोजिमको महिला कर्मचारी रहनेछन्-

(क) केन्द्र प्रमुख (अधिकृत स्तर छैटौं सरह)- एक जना

(ख) मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौ सरह) एक जना

(ग) प्रशासन सहायक (सहायकस्तर चौथो सरह)- एक जना

(घ) सुरक्षा गार्ड (कार्यालय सहयोगी प्रथम स्तर सरह)- दुई जना

(ङ) भान्छे (कार्यालय सहयोगी प्रथम स्तर सरह) - एक जना

(च) सरसफाईकर्मी (कार्यालय सहयोगी प्रथम स्तर सरह) - एक जना

(२) उपदफा (१) बमोजिम केन्द्रमा रहने कर्मचारीको पारिश्रमिक प्रदेश सरकारको समान तहको कर्मचारीले पाए सरह हुनेछ ।

(३) केन्द्रमा कार्यरत कर्मचारीको छुट्टै ड्रेसकोड हुनेछ ।

(४) केन्द्रमा कार्यरत कर्मचारीले सेवा अवधि ६ महिना पुगेपछि बर्षको एक पटक पोशाक भत्ता वापत रु पाँच हजार र चाडपर्व खर्च वापत एक महिनाको तलब बराबर हुने रकम पाउनेछन् ।

(४) मन्त्रालय मार्फत केन्द्र सञ्चालन भएमा मन्त्रालयले कर्मचारी व्यवस्था गर्नेछ र संस्था मार्फत सञ्चालन गर्दा त्यस्तो संस्थाले नै कर्मचारी व्यवस्था गर्नुपर्नेछ ।

२२. **<u>केन्द्रमा रहने जनशक्तिको योग्यताः</u>** (१) केन्द्र प्रमुखको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरी केन्द्र जस्तै प्रकृतिको आवास गृहमा कम्तिमा तीन वर्ष केन्द्र प्रमुख/ वार्डेन भई कार्य गरेको ।

(२) प्रशासन सहायकको लागि न्यूनतम शैक्षिक योग्यता एस्.ई.ई वा सो सरह उत्तिर्ण गरी लेखा व्यवस्थापनको क्षेत्रमा कम्तिमा तीन वर्ष कार्य गरेको ।

(३) मनोसामाजिक परामर्शकर्ताको लागि न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम लिई मनोसामाजिक परामर्शकर्ताको रुपमा कम्तिमा तीन वर्ष कार्य गरेको।

(४) जनशक्ति पदपूर्ति सम्बन्धी अन्य व्यवस्था व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ६

## <u>पुनर्स्थापना तथा केन्द्रबाट प्रदान गरिने सेवा सम्बन्धी व्यवस्था</u>

२३. **<u>पीडितको पुनर्स्थापना सम्बन्धी व्यवस्थाः</u>** (१) केन्द्रमा रहेका पीडितलाई छ महिनाभित्रमा पुनर्स्थापना गरिसक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र पुनर्स्थापना गर्न नसकिएका पीडितलाई निश्चित समय तोकि सो समयसम्म राख्नुपर्ने आधार र कारण खोली व्यवस्थापन समितिबाट स्वीकृत गरी अधिकतम दुई वर्षसम्म केन्द्रमा राखी सेवा प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको पीडितलाई पुनर्स्थापना गर्दा केन्द्रबाटै पुनर्स्थापना गरिएको अवस्थामा स्थानीय प्रहरी कार्यालयको प्रहरी

कर्मचारी तथा पीडितको घर ठेगानामै गई पुनर्स्थापना गरिएको अवस्थामा सम्बन्धित वडाको वडाध्यक्ष/वडासदस्यको रोहवरमा पुनर्स्थापना गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम पीडितलाई पुनर्स्थापना गर्नुअघि जीविकोपार्जनका लागि आवश्यक सीप विकास तालिम प्रदान गर्न सकिनेछ।

(५) उपदफा (३) बमोजिमको सीप विकास तालिमको प्रकार, अवधि तथा तालिम लिने पीडितहरूको छनौट सम्बन्धी व्यवस्था व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) र (२) बमोजिमको अवधि पुगी पीडितलाई पुनर्स्थापना गर्दा पीडितको नजिकको संरक्षकलाई अनुसूची-४ बोजिमको ढाँचामा बुझिलिएको कागज गराउनुपर्नेछ ।

२४. **पीडित तथा प्रभावितहरूको उद्दार सम्बन्धी व्यवस्था:** पीडित तथा प्रभावितहरूलाई उद्धार गर्दा उद्धारकर्मी, सुरक्षाकर्मी एवं पिडितका लागि सवारी साधनको भाडा, खाना र होटल बासका लागि प्रति पीडित पन्ध्र हजार रुपैयाँमा ननाघ्ने गरी लागेको बील बमोजिमको यथार्थ खर्च कोषबाट उपलब्ध गराइनेछ।

२५. **सुरक्षित आवासको व्यवस्था:** (१) पीडितहरूलाई केन्द्रमा देहाय बमोजिम सुरक्षित परिसर सहितको आवास सुविधाको व्यवस्था गरिनेछः-

(क) चारैतिर कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारवारले घेरिएको आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको सुरक्षाका दृष्टिकोणले उपयुक्त परिसर,

(ख) परिसर हाताभित्र हिँडडुल गर्न मिल्ने खालको पर्याप्त खुला स्थानको सुविधा भएको,

(ग) पर्याप्त हावाको आवतजावत हुने कोठाहरू,

(घ) मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि टेलिभिजन सहितको साझा कक्ष,

(ङ) शौचालय तथा स्नान कक्ष,

(च) सञ्चार सम्पर्कका लागि साझा टेलिफोन,

(छ) आवश्यकता अनुसार हिटर, पङ्खा,

(ज) पर्याप्त पिउने पानी,

(झ) नुवाइधुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर संकलन टोकरी, लुगा सुकाउने डोरी इत्यादि,

(ञ) तल्लापिच्छे अग्नि नियन्त्रक उपकरण र

(ट) सुरक्षा व्यवस्थाका लागि पालो पहरा ।

(२) उपदफा (१) बमोजिमको सबै सुविधा नभएको अवस्थामा पनि न्यूनतम सुविधा सहित केन्द्र सञ्चालन गर्न बाधा पर्ने छैन ।

२६. **दैनिक खाना र खाजाको सुविधा पाउने** :केन्द्रमा रहेका पीडित र निजका आश्रित बालबालिकाले प्रतिव्यक्ति दैनिक चार सय रुपैयाँका दरले देहाय बमोजिम दैनिक खाना र खाजाको सुविधा प्राप्त गर्नेछन्ः-

(क) विहान चियासँगै हल्का खाजा/फलफूल,

(ख) दिउँसो खाना,

(ग) अपरान्ह खाजा,

(घ) बेलुकी खाना,

(ङ) मांसाहारीका लागि हप्ताको दुईपटक माछामासु तथा शाकाहारीका हकमा च्याउ, पनिर, दुध, दही, फलफूल आदि।

२७. **लत्ताकपडाको सुविधा पाउनेः-** केन्द्रमा रहेका पीडित र निजका आश्रित बालबालिकाले देहाय बमोजिम लत्ताकपडाको सुविधा प्राप्त गर्नेछन्ः-

(क) प्रतिव्यक्ति अर्धवार्षिक रुपमा दुई हजार पाँच सय रुपैयाँका दरले लगाइने आवश्यक कपडाहरू,

(ख) जाडो मौसममा स्वेटर, ज्याकेट, टोपी लगायतका न्याना कपडाको लागि वार्षिक प्रतिव्यक्ति थप दुई हजार रुपैयाँ

(ग) केन्द्र व्यवस्थापकले सिफारिस गरे बमोजिम साबुन, स्याम्पु, ब्रस,मञ्जन लगायतका दैनिक अत्यावश्यकीय कुराहरू।

२८. **विशेष अवस्थाका पीडितलाई विशेष सुविधाः** केन्द्रमा रहेका विशेष अवस्थाका पीडितले निजहरूलाई आवश्यक पर्ने अतिरिक्त तागतिलो तथा पोसिलो खानेकुरा वापतको लागि दफा २६ मा उल्लेखित सुविधाको अतिरिक्त देहाय बमोजिम थप सुविधा प्राप्त गर्नेछन्ः-

(क) गर्भ अवस्थाका महिलाको लागि गर्भ अवस्था अवधिभर दैनिक एक सय रुपैयाँ,

(ख) सुत्केरी अवस्थाका महिलाको लागि सुत्केरी भएको साठी दिनसम्म दैनिक एक सय रुपैयाँ,

(ग) विरामी भई उपचाररत पीडितले उपचार अवधिका लागि दैनिक एक सय रुपैयाँ,

(घ) आश्रित बालबालिकाको लागि दैनिक एक सय रुपैयाँ ।

२९. **स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था:-** (१) केन्द्रमा रहेका पीडितले एकद्वार संकट व्यवस्थापन केन्द्र(OCMC) सञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार सेवा पाउने छन् ।

(२) उपदफा (१) बमोजिम पीडितले एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार हुन नसकेका पीडितको थप उपचार सम्बन्धी व्यवस्था व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३०. **मनोसामाजिक परामर्श सम्बन्धी व्यवस्था:-** (१) केन्द्रमा रहेका पीडितले मनोसामाजिक परामर्शकर्ताबाट पीडितको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था गरी पीडितको आवश्यकताको आधारमा मनोसामाजिक परामर्श सेवा पाउने छन् ।

(२) उपदफा (१) बमोजिम मनोसामाजिक परामर्श सेवा दिइसकेपछि सेवा दिने मनोसामाजिक परामर्शकर्ताले अनुसूची- ५ बमोजिमको ढाँचामा मनोसामाजिक परामर्श लेखाजोखा फाराम भरी केन्द्र प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

३१. **कानूनी सहायता सेवा सम्बन्धी व्यवस्था:-** (१) केन्द्रमा रहेका पीडितले आवश्यकता अनुसारको जिल्ला कानूनी सहायता समिति वा वैतनिक कानून व्यवसायी मार्फत नियमानुसार निःशुल्क कानुनी सहायता सेवा पाउने छन् ।

(२) उपदफा (१) बमोजिम कानुनी सहायता सेवाको लागि पीडितलाई सवारी साधनको भाडा वापत अधिकतम दुई हजारमा ननाघ्ने गरी आतेजाते वापत लागेको विल बमोजिमको यथार्थ खर्च र खाना तथा खाजा वापत प्रतिव्यक्ति प्रतिदिन पाँच सय रुपैया उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम कानुनी सहायता सेवा दिइसकेपछि सेवा दिने व्यक्ति वा कानुन व्यवसायीले अनुसूची-६ बमोजिमको ढाँचामा कानूनी परामर्श फाराम भरी केन्द्र प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

३२. **आश्रित बालबालिकालाई राख्ने व्यवस्था:** (१) पीडितसँगै रहेका आश्रित बालबालिकालाई केन्द्रमा राख्न सकिनेछ ।

(२) आश्रित बालबालिकालाई नजिकको संरक्षकको जिम्मा लगाइनेछ। नजिकको संरक्षक कोही फेला नपरेमा संस्थागत स्याहारका लागि पठाइनेछ ।

(३) उपदफा (२) बमोजिम बालबालिकालाई नजिकको संरक्षकको जिम्मा लगाउँदा वा संस्थागत स्याहारका लागि पठाउँदा अनुसूची- ७ बमोजिमको ढाँचामा कागज गराई बुझ्नु बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमका आश्रित बालबालिकाको प्रारम्भिक बाल शिक्षाको व्यवस्था केन्द्रबाट गरिनेछ ।

३३. **पीडितलाई शिक्षा सम्बन्धी व्यवस्था:** (१) विद्यालय शिक्षा अध्ययन गरिरहेका पीडितको शिक्षादिक्षाको यथोचित प्रबन्ध केन्द्रबाट हुनेछ ।

(२) केन्द्रमा आउनु भन्दा पहिले नै विद्यालय भर्ना भइ अध्ययन गरिरहेका पीडितलाई सम्भव भए सम्म निज अध्ययन गरिरहेको विद्यालयमा परीक्षा दिने व्यवस्था मिलाइनेछ ।

(३) पीडितको पठनपाठन सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको निर्णय बमोजिम नजिकको कुनै विद्यालयसँग सम्झौता गर्न सकिनेछ।

(४) विद्यालय भर्ना भएका पीडितलाई किताव, कपी, कलम लगायतका शैक्षिक सामग्रीहरू उपलब्ध गराइनेछ।

३४. **पीडितको नजिकको संरक्षकलाई केन्द्रमा रहन दिने सम्बन्धी व्यवस्था:** (१) पीडितको शारीरिक तथा मानसिक अवस्था हेरी मनोसामाजिक परामर्शकर्ताको सिफारिसमा व्यवस्थापन समितिको निर्णय बमोजिम पीडितले रोजेको निजको नजिकको महिला संरक्षकलाई निश्चित समय सम्मको लागि केन्द्रमा पीडितसँगै रहन दिन सकिनेछ ।

(२) व्यवस्थापन समितिबाट तोकिएको समयावधि पुरा भएको अवस्थामा समेत आवश्यकता अनुसार पीडितको अवस्था हेरी मनोसामाजिक

परामर्शकर्ताको सिफारिसमा पुनः निश्चित समयसम्मको लागि व्यवस्थापन समितिको निर्णय बमोजिम उपदफा (१) बमोजिमको महिला संरक्षकलाई दफा २६ बमोजिमको दैनिक खाना र खाजाको सुविधा उपलब्ध गराइनेछ।

परिच्छेद-७

**संस्था तथा केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

**३५. केन्द्र सञ्चालन संस्थाको काम कर्तव्य र अधिकारः** केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने केन्द्र सञ्चालन संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) परिच्छेद-६ मा भएको व्यवस्था बमोजिमको सेवा उपलब्ध गराउने गरी केन्द्र सञ्चालन गर्ने,

(ग) केन्द्र सञ्चालनको लागि आवश्यक बजेट, कार्यक्रम र योजना तर्जुमा गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(घ) व्यवस्थापन समितिको निर्णय बमोजिम अन्य निकाय तथा संघ संस्थासँग सहकार्य गरिने कुनै कामका सम्बन्धमा केन्द्रको तर्फबाट सम्झौता गर्ने,

(ङ) केन्द्रमा रहेका पिडित तथा प्रभावितहरूको वैयक्तिक विवरण राख्ने र अद्यावधिक गर्ने,

(च) केन्द्रमा रहेका पिडित तथा प्रभावितहरूको नियमित शारीरिक तथा मानसिक स्वास्थ्य अवस्थाको जाँच गराई आधारभूत सेवा सुविधा उपलब्ध गराउँदै सकारात्मक सुधार ल्याउने,

(छ) यस मापदण्ड बमोजिम पीडित तथा प्रभावितहरूको अवस्था पहिचान गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको व्यवस्था मिलाउने,

(ज) पीडित तथा प्रभावितहरूको लागि जीवनोपयोगी सीप सम्बन्धी कार्ययोजना तयार पारी व्यवस्थापन समिति समक्ष पेश गर्ने र स्वीकृत भएपछि सञ्चालन गर्ने,

(झ) सीप सिकेका मध्ये अति विपन्न पिडित तथा प्रभावितहरूको पहिचान गरि व्यवसाय स्थापना गर्न सहजीकरण गर्ने,

(ञ) केन्द्रमा रहेका पिडीत तथा प्रभावितहरूको व्यवस्थापन समितिले निर्धारण गरेको ढाँचामा पारिवारिक विवरण तयार

पारी अवस्था विश्लेषण गर्ने तथा सोका आधारमा आवश्यक योजना बनाउने,

(ट) केन्द्र सञ्चालन सम्बन्धी आय र व्ययको विवरण चुस्त दुरुस्त राख्ने,

(ठ) केन्द्रबाट प्रदान गरिने सेवाहरूको विश्लेषण गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ड) केन्द्र सञ्चालनमा देखा परेका समस्याहरू अविलम्ब समाधान गर्ने र समाधान हुन नसकेमा लिखित रुपमा व्यवस्थापन समितिलाई जानकारी गराउने,

(ढ) केन्द्र सञ्चालन तथा व्यवस्थापनमा भएका कार्यहरूको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन मासिक, त्रैमासिक र बार्षिक रुपमा सम्बन्धित व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ण) हिंसा पीडित एवम् मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको लागि सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने,

(त) निर्देशक समिति तथा व्यवस्थापन समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(थ) पीडित तथा प्रभावितको लागि ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितता गर्ने,

(द) पीडित तथा प्रभावितको पहिचानको गोपनियता सुनिश्चित गर्ने,

(ध) अन्य आवश्यक कार्य गर्ने।

३६. **केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकारः** (१) केन्द्रको प्रमुख भई दैनिक प्रशासनिक कार्यको सञ्चालन र व्यवस्थापन गर्न एक केन्द्र प्रमुख रहने छन् ।

(२) केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको कार्यालय प्रमुखको रुपमा केन्द्रको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) केन्द्र सञ्चालनको लागि निर्देशक समिति, व्यवस्थापन समिति तथा केन्द्र सञ्चालन संस्थाबाट भएका निर्णय कार्यान्वयन गर्ने,

(ग) केन्द्र सञ्चालन संस्थाको प्रत्यक्ष निर्देशनमा रही पीडितको हेरचाह गर्ने,

(घ) पीडितको लागि खानपिनको व्यवस्थापन गर्ने

(ङ) पीडितले प्राप्त गर्ने सेवा प्रवाहमा संस्थालाई सहजीकरण गर्ने,

(च) केन्द्रमा भएको खर्च वा संस्थासँग भएको सम्झौता बमोजिमको रकम भुक्तानीको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(छ) पीडितको स्वास्थ्य अवस्थाको ख्याल गरी प्रतिकूलता आइपरेको स्थितिमा केन्द्र सञ्चालन संस्थाको प्रमुखलाई खबर गरी अस्पताल लैजान बन्दोबस्ती गर्ने,

(ज) मनोसामाजिक परामर्शको सेवा आवश्यक भएका पीडितको पहिचान गरी संस्थासँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने,

(झ) पीडित तथा प्रभावितको लागि ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितता गर्ने,

(ञ) पीडित तथा प्रभावितको पहिचानको गोपनियताको सुनिश्चित गर्ने ।

परिच्छेद-८

## विविध

३७. **पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था:** (१) केन्द्रमा रहेका पीडितले चाहेमा कम्तीमा महिनाको एक पटक भेटघाट तथा पारिवारिक पुनर्मिलनको अवसरको व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्मिलनको अवसर प्रदान गर्दा पीडितको परिवारका सदस्यहरूलाई केन्द्रमै वा आवश्यकता अनुसार निश्चित समय सम्मका लागि पीडितको घरमै परिवारका सदस्यको जिम्मा लगाइ लैजान दिइनेछ ।

(३) उपदफा(२) बमोजिम पीडितको परिवारको सदस्यको जिम्मामा पारिवारिक पुनर्मिलनका लागि घरमा पठाउँदा र घरबाट केन्द्रमा पुन: पीडितको जिम्मा बुझ्दा अनुसूची-८ बमोजिमको ढाँचामा कागज गराइ बुझ्नु बुझाउनु पर्नेछ ।

(३) पारिवारिक पुनर्मिलनको लागि पीडितलाई लैजाँदा तथा ल्याउँदा पीडित तथा निजको परिवारका सदस्यको लागि लाग्ने यातायात तथा खानपिनको खर्च पीडितको परिवारका सदस्यबाटै व्यहोर्नुपर्नेछ।

३८. **आचारसंहित सम्बन्धी व्यवस्था:** (१) केन्द्र प्रमुखको स्विकृति बाहेक केन्द्रमा प्रवेश गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम प्रवेश गर्ने व्यक्तिले अनुसूची-९ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ।

३९. **पीडितको अभिलेख राख्ने:** (१) केन्द्रमा रहेका पीडितको अभिलेख व्यवस्थाका लागि प्रत्येक वर्ष अनुसूची- १० बमोजिमका कितावहरू खडा गरी केन्द्र प्रमुखबाट प्रमाणीकरण गरी राख्नुपर्नेछ।

(२) उपदफा (१) को अतिरिक्त अन्य अभिलेख कितावहरू आवश्यक भएमा व्यवस्थापन समितिबाट निर्णय गराइ खडा गर्न सक्नेछ।

(३) केन्द्रले अभिलेख प्रयोजनको लागि प्रत्येक पीडितको फरक फरक फायल खडा गरी राख्नु पर्नेछ।

४०. **जिन्सी सामान स्वीकार गर्न सक्ने:** नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूले वा नागरिकले केन्द्रमा आश्रित पीडितका लागि आवश्यक पर्ने लत्ता कपडा, खाद्यान्न तथा अन्य सामग्रीहरू प्रदान गर्न चाहेमा प्रचलित कानुन बमोजिमको प्रक्रिया पुरा गरी व्यवस्थापन समितिको सहमतिमा केन्द्र सञ्चालन संस्थाले निर्णय गरी उक्त सामग्रीहरू स्वीकार गर्न सक्नेछ।

४१. **अनुगमन गर्ने:** मन्त्रालय र पोखरा महानगरपालिकाले केन्द्रको अनुगमन गरी आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्था र केन्द्र प्रमुखको कर्तव्य हुनेछ।

४२. **मासिक र वार्षिक प्रतिवेदन:** (१) केन्द्रले प्रत्येक महिनाको पहिलो हप्ताभित्र मासिक प्रतिवेदन व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) केन्द्रले वर्षभरी गरेका कार्यहरूको विस्तृत विवरण भरी वार्षिक प्रतिवेदन प्रत्येक आ. व समाप्त भएको मितिले तीस दिनभित्र व्यवस्थापन

समिति मार्फत निर्देशक समिति समक्ष पेश गरी सो को बोधार्थ मन्त्रालय र महानगरपालिकालाई दिनु पर्नेछ ।

(३) मासिक र वार्षिक प्रतिवेदनको ढाँचा अनुसूची- ११ बमोजिम हुनेछ ।

४३. **केन्द्रको छाप र लेटरप्याड:** केन्द्रको छाप र लेटरप्याडको नमुना अनुसूची-१२ बमोजिम हुनेछ।

४४. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

४५. **खारेजी तथा बचाउ**: (१) प्रादेशिक पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड, २०७८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्ड बमोजिम भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**संस्था छनौटका लागि मूल्याङ्कनका आधारहरू**

| क्र सं | मूल्याङ्कनका आधार तथा अंकभार (पूर्णाङ्क ५०) | | | कैफियत |
|---|---|---|---|---|
| १ | पुनर्स्थापना/संरक्षण आवास गृह सञ्चालनको अनुभव (अंकभार २०) | पाँच बर्षसम्म | १० | |
| | | दश बर्षसम्म | १५ | |
| | | दश बर्ष भन्दा बढि | २० | |
| २ | पुनर्स्थापना/संरक्षण आवास गृहले अघिल्लो आर्थिक वर्षमा सेवा दिएको लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको संख्या (अंकभार १५) | पच्चीस जनासम्म | ५ | |
| | | पचास जनासम्म | १० | |
| | | पचास जना भन्दा बढि भए | १५ | |
| ३ | अघिल्लो आर्थिक वर्षमा पुनर्स्थापना गरेका लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको संख्या (अंकभार १५) | पच्चीस जनासम्म | ५ | |
| | | पचास जनासम्म | १० | |
| | | पचास जनाभन्दा बढि भए | १५ | |

नोटः- (१) क्रम संख्या २ र ३ बमोजिमको अंक प्राप्त गर्न सरकारी निकायबाट प्रमाणित भएको कागजातको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै मूल्याङ्कन समितिले माग गरेको बखत सक्कल कागजात समेत उपलब्ध गराउनु पर्नेछ।

(२) मूल्याङ्कनमा कम्तीमा साठी प्रतिशत अंक प्राप्त गरी न्यूनतम रकम कबुल गर्ने प्रस्तावक संस्थालाई छनौट गरिनेछ ।

(३) छनौट भएको संस्थालाई यसै कार्यविधिमा उल्लेख भए बमोजिमको खर्च रकम उपलब्ध गराइनेछ। (दैनिक खाजा, खाना, लत्ता कपडा, यातायात, कर्मचारी तलब भत्ता आदि)

अनुसूची-२

(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

**<u>पिडितको पहिचान तथा प्रमाणीकरण फाराम</u>**

१. सिफारिस गर्ने निकायको नाम ठेगानाः

२. पिडितको नाम र स्थायी ठेगानाः

३. पिडितको जन्ममिति र हालको उमेरः

४. शैक्षिक अवस्थाः

५. पीडकसँगकोनाता (नाता लाग्ने भए)

६. विवाहित/ अविवाहित ( विवाहित भए श्रीमानको नाम)

७. बाबुको नाम, स्थायी ठेगाना र पेशाः

८. आमाको नाम, स्थायी ठेगाना र पेशाः

९. पीडितको बाबु आमाको फोन/मोबाइल नः

१०. अल्पकालिन आवास गृहमा आएको माध्यमः

११. उद्धार गरिएको स्थानः

१२. पीडितसँग सम्बन्धित घटनाको विवरण (शुरु देखि हाल सम्म भोगेका हिंसाजन्य घटनाको निजले उल्लेख गर्न चाहेसम्मको विवरण खुलाएर)

..........................................................................................................

..........................................................................................................

१३. पीडितको हालको शारिरीक र मानसिक अवस्थाः

१४. दीर्घकालीन पुनर्स्थापना केन्द्र बुझाउनु पर्ने कारणः

१५. पीडितको सम्बन्धमा अन्य केही विशेष कुरा भए खुलाउनेः

यस स्थानीय तहमा /मेरो संस्थामा जानाकारी भएसम्मका पीडितका सम्बन्धमा माथि उल्लेखित विवरण ठिक साँचो हो झुटा ठहरिए कानून बमोजिम सहुँला बुझाउँला भनी सहि छाप गर्ने

प्रेषित निकायको प्रतिनिधिको नामथरः

पदः

कार्यालयको छापः

मितिः

अनुसूची-३

(दफा २० को उपदफा (६) सँग सम्बन्धित)

**केन्द्रमा पीडितलाइ जिम्मा लिए/लगाएको कागज**

आज मिति..................... गतेका दिन .............जिल्ला ...................गा. पा/म. न. पा वडा नं. ....... घर भइ हाल .......................मा बसोबास गर्ने वर्ष ..........की ....................................लाई यस केन्द्रमा निजसँग सम्बन्धित आवश्यक सम्पूर्ण कागजातहरू सहित संरक्षणका लागि बुझिलिएको कुरा ठिक साँचो हो ।

केन्द्रको तर्फबाट पीडितलाइ बुझिलिने

सिफारिस गर्ने निकाय

नामथरः

स्थायी ठेगानाः

अल्पकालिन सुरक्षा आवासको नाम ठेगानाः

हस्ताक्षरः

नामथरः

पदः केन्द्र प्रमुख

हस्ताक्षरः

कार्यालयको छापः

रोहवर(पीडितको नजिकको संरक्षक)

नामथरः

स्थायी ठेगानाः

पीडितसँगको नाताः

हस्ताक्षरः

रोहवर

नामथरः

पदः

स्ताक्षरः

अनुसूची-४

(दफा २३ को उपदफा (६) सँग सम्बन्धित)

**पीडितलाई पुनर्स्थापना गरिएको कागज**

आज मिति................. गतेका दिन .............जिल्ला ...................गा. पा/म. न. पा वडा नं. ....... घर भइ मिति ........... देखि केन्द्रमा आश्रय लिई बसिरहनु भएकी बर्ष .........की .........................लाई आजैका मितिबाट सामाजिक पुनर्स्थापनागर्ने प्रयोजनका लागि निजसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सहित निजको नजिकका संरक्षकको जिम्मा लगाई पठाइएको छ ।

पीडितलाई जिम्मा बुझाउने केन्द्र प्रमुखको नामथरः

हस्ताक्षरः

कार्यालयको छापः

उल्लेखित बमोजिम मेरो............नाता पर्ने पीडित ...................लाई केन्द्र/पीडितको स्थायी ठेगानाबाट सामाजिक पुनर्स्थापनाप्रयोजनका लागि आजैका मितिबाट जिम्मा बुझेको कुरा ठिक साँचो हो ।

पीडितलाई जिम्मा लिने नजिकको संरक्षकको नामथरः

उमेरः

पीडितसँगको नाताः

स्थायी ठेगानाः

हस्ताक्षरः

रोहवर

उल्लेखित बमोजिम पीडित...........................लाई केन्द्र/पीडितको स्थायी ठेगानाबाट सामाजिक पुनर्स्थापना प्रयोजनका लागि आजैका मितिबाट मेरो रोहवरमा नजिकको संरक्षकको जिम्मामा लगाएको कुरा ठिक साँचो हो।

रोहवरमा बस्ने व्यक्तिको नामथरः

स्थायी ठेगानाः

पदः

कार्यालयः

हस्ताक्षरः

अनुसूची-५

(दफा ३० को उपदफा (२) सँग सम्बन्धित)

**मनोसामाजिक परामर्श लेखाजोखा फाराम**

१. पीडितको नाम वा कोड नः

२. उमेरः

३. पीडितको पहिलो पटकको अवलोकनबाट देखिएको शारीरिक र मानसिक अवस्थाः

.................................................................................................................................

.................................................................................................................................

४. समस्या तथा गुनासाहरुः

.................................................................................................................................

.................................................................................................................................

५. पीडितलाई दिइएको परामर्शको व्यहोराः

.................................................................................................................................

.................................................................................................................................

६. अघिल्लो पटकको परामर्शबाट पीडितमा आएको परिवर्तनः

.................................................................................................................................

.................................................................................................................................

७. परामर्शकर्ताको सुझावः

.................................................................................................................................

.................................................................................................................................

परामर्शकर्ताको नामथरः

स्थायी ठेगानाः

हस्ताक्षरः

मितिः

अनुसूची-६

(दफा ३१ को उपदफा (३) सँग सम्बन्धित)

**पीडितलाई दिइएको कानूनीपरामर्श सम्बन्धी विवरण**

१. पीडितको नाम वा कोड नः

२. उमेरः

३. पीडितका कानूनी समस्या तथा गुनासाहरुः

........................................................................................................................

..........................................................................................................

४. पीडितलाई दिइएको कानूनी परामर्शको व्यहोराः

...................................................................................................................

...................................................................................................................

५. कानूनी परामर्श दिनेको व्यक्तिको सुझावः

...................................................................................................................

...................................................................................................................

कानूनी परामर्श दिने व्यक्तिको नामथरः

पदः

हस्ताक्षरः

मितिः

अनुसूची-७

(दफा ३२ को उपदफा (३) सँग सम्बन्धित)

**केन्द्रबाट आश्रित बालबालिकाको जिम्मा बुझे/बुझाएको कागज**

आज मिति...........गतेका दिन ........जिल्ला ..........गा. पा/म. न. पा वडा नं. ...घर भई हाल ..............मा बसोबास गर्ने वर्ष...... की...............का छोरा/छोरी वर्ष.........का/की...........लाई यस केन्द्रबाट परिवारको संरक्षणमा रहने गरी/संस्थागत स्याहारमा रहने गरी निजसँग सम्बन्धित आवश्यक सम्पूर्ण कागजातहरू सहित बुझिलिएको कुरा ठिक साँचो हो ।

बालबालिकालाई बुझाउने केन्द्रको तर्फबाटः

नामथरः

पदः केन्द्र प्रमुख

कार्यालयः

हस्ताक्षरः

बालबालिकालाई बुझिलिने नजिकको संरक्षकः

नामथरः

स्थायी ठेगानाः

बालबालिकासँग निजको नाताः

हस्ताक्षरः

वा

बालबालिकालाई संस्थागत स्याहारका लागि बुझिलिने संस्थाको तर्फबाटः

संस्थाको प्रमुख वा प्रतिनिधिको नामथरः

पदः

कार्यालयः

हस्ताक्षरः

<u>रोहवर</u>

नामथरः

पदः

कार्यालयः

हस्ताक्षरः

<u>रोहवर</u>

नामथरः

स्थायी ठेगानाः

बालबालिकासँग नाता पर्ने भए नाताः

हस्ताक्षरः

अनुसूची-८

(दफा ३७ को उपदफा (३) सँग सम्बन्धित)

**पीडितलाई <u>पारिवारिक पुनर्मिलनका लागि पठाउँदा गरिएको कागज</u>**

यस केन्द्रमा मिति ............... देखि आश्रय लिइ बस्दै आउनु भएकी मेरो ...............नाता पर्ने............. जिल्ला .......... गा. पा / न. पा /म. न. पा वडा नं. ......... स्थायी ठेगाना भएकी वर्ष ...... की .................. लाई मिति.................. गतेका दिन मिति..................गतेभित्र यस कार्यालयमा पुनः फिर्ता ल्याईदिने गरी पारिवारिक पुनर्मिलनका लागि आफुसँगै लिएर गएको कुरा ठिक साँचो हो ।उल्लेखित अवधिभित्र कार्यालय समयमा म स्वयंले नै निजलाई यस कार्यालयमा पिर्ता ल्याई बुझाउने गरी जिम्मा बुझ्ने पीडितका नजिकका संरक्षकको

नामथरः

स्थायी ठेगानाः

पीडितसँगको नाताः

हस्ताक्षरः

यसै कागज साथ पीडितलाई निजको संरक्षक..................... नाता पर्ने .................... का साथ पारिवारिक पुनर्मिलनका लागि मिति ...................गतेभित्र फिर्ता ल्याईसक्ने गरी बुझाइएको छ ।

केन्द्र प्रमुखको नामथरः

हस्ताक्षरः

कार्यालयको छापः

<u>रोहवर</u>

नामथरः

पदः

हस्ताक्षरः

**केन्द्रमा पुनःजिम्मा लगाएको कागज**

यस दीर्घकालीन पुनर्स्थापना केन्द्रमा मिति.................... देखि आश्रय लिइ बस्दै आउनु भएकी मेरो .......................नाता पर्ने.................. जिल्ला ............ गा पा / न पा /म न पा वडा नं. ......... स्थायी ठेगाना भएकी वर्ष ......... की ................. लाई मिति..................... गतेका दिन मिति................ गतेभित्र यस कार्यालयमा पुनः फिर्ता ल्याईदिने गरी पारिवारिक पुनर्मिलन पश्चात तोकिएको मिति ........... गतेका दिन निजलाई यस केन्द्रमा फिर्ता बुझाइ यो कागज गरिदिएको छु ।

जिम्मा लिने पीडितका नजिकका संरक्षक

नामथरः

स्थायी ठेगानाः

पीडितसँगको नाताः

हस्ताक्षरः

यसै कागज साथ पीडितलाई निजको संरक्षक...................... नाता पर्ने ........... ले पारिवारिक पुनर्मिलन पश्चात यस कार्यालयमा आज मिति ..................गते फिर्ता बुझाइएको कुरा साँचो हो ।

केन्द्र प्रमुखको नामथरः

हस्ताक्षरः

कार्यालयको छापः

<u>रोहवर</u>

नामथरः

पदः

कार्यालयः

हस्ताक्षरः

अनुसूची-९

(दफा ३८ को उपदफा (३) सँग सम्बन्धित)

**केन्द्र प्रवेशका लागि आचारसंहिता**

आज मिति ............ गतेका दिन म यस गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना गृहको अवलोकनका लागि केन्द्र प्रमुखको अनुमति लिएर आएकोमा यस गृहको अवलोकन गर्दा गृहमा आश्रय लिइ बसेका पीडितहरूको सुविधा गोपनियता र सहजतालाई ख्याल राखी देहाय बमोजिमका शर्तहरूको पालना गर्नेछु।

१. यस पुनर्स्थापना केन्द्र आश्रय लिइ बसेका पीडितहरूको अधिकार मेरो अवलोकनको उद्धेश्य भन्दा महत्वपूर्ण रहेकोमा म पूर्णतः सहमत छु।

२. यस पुनर्स्थापना केन्द्र आश्रय लिइ बसेका पीडितहरूको परिस्थितिलाई म सम्मान गर्नेछु र सम्वेदनशीलता पूर्वक लिनेछु।

३. पीडितहरूको गोपनियतालाई ख्याल गर्दै पुनर्स्थापनागृह तथा पीडित स्वयंको अनुमति विना पीडितहरूको पहिचान खुल्ने गरी एकल वा सामूहिक फोटो खिच्ने तथा छापा वा श्रव्यदृष्य माध्यममा कनै पनि समाचार आलेख तथा विचार प्रकाशन तथा प्रसारण गर्ने छैन।

४. यस पुनर्स्थापनागृहको अवलोकन मैले गृहसँग भेटघाटको अनुमति लिँदाका बखत खुलाएको उद्धेश्यका लागि मात्र गर्दैछु।

५. यस पुनर्स्थापना केन्द्र आश्रय लिइ बसेका पीडितहरूलाई नकारात्मक असर पर्ने गरी बोलीबचन वा व्यवहारवा अन्य कुनै पनि कुराहरू गर्नेछैन ।साथै पीडितहरूलाई कुनै पनि झुठा आश्वासन देखाउने छैन।

६. पीडितहरूसँग कुराकानीका क्रममा उनीहरूले भोगेका शोषण तथा उत्पीडतका सम्बन्धमा पीडितहरूलाई जबरजस्ती अनुभव व्यक्त गन लगाउने प्रयास गर्नेछैन।

७. पीडितहरूको सुरक्षामा जोखिम आउने वा आउन सक्ने सम्भावना देखिएमा मैले तयार पार्ने प्रतिवेदन कहिँ कतै प्रकाशन वा प्रसारण गर्नेछैन।

८. यस पुनर्स्थापना केन्द्रमा आश्रय लिइ बसिरहेका पीडितहरूलाई बाहिर कहिँकतै घुमाउन लैजान प्रस्ताव गर्ने छैन।

९. भेटघाटको अवधिमा र यस पछि पनि पुनर्स्थापना गृहले तोकेको गोपनियताको सिद्धान्तलाई म पूर्ण रुपले कदर र पालना गर्नेछु।

आगन्तुकको नामथर र ठेगानाः

पेशाः

पद र संस्थाः

अनुसूची-१০

(दफा ३९ को उपदफा (१) सँग सम्बन्धित)

**पीडितको अभिलेख सम्बन्धी विभिन्न प्रकारका खाताहरूको ढाँचा**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**पीडित दर्ता किताव** **किताव नं. १**

| सि.न. | दर्ता मिति | पीडितको नाम थर र ठेगाना | उमेर | शैक्षिक योग्यता | पीडित सँग सम्बन्धित घटना /मुद्धा | प्रेषित निकायको नाम ठेगाना | बालबालिका साथमा भए संख्या | नजिकको संरक्षकको | | पीडितको प्रकार(बालबालिका/ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति वा अन्य) | पीडितलाई पुनर्स्थापना गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नाम थर र ठेगाना | सम्पर्क नं. | | | |
| | | | | | | | | | | | | |

**किताव नं. २**

**पीडितको पुनर्स्थापना अभिलेख किताव**

| सि.नं. | पीडितको नाम थर ठेगाना | दर्ता नं. | पीडितसँग सम्बन्धित घटना/मुद्दा | पुनर्स्थापना गरिएको मिति | प्रेषित निकायको नाम ठेगाना | पुनर्स्थापना गरिएको स्थान | | जिम्मा बुझ्ने परिवारका सदस्यको | | पीडितको प्रकार(बालबालिका/ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति वा अन्य) | | पीडितलाई बालबालिका साथमा भए संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालयबाट | पीडितको ठेगानामा पुगेर | नाम थर ठेगाना | पीडितसँगको नाता | नाम थर ठेगाना | पद र कार्यालय | संख्या | उमेर | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**किताव नं. ३**

**पीडितलाई प्रदान गरिएको सेवाको अभिलेख किताव**

| सि.नं. | पीडितको नाम थर ठेगाना | दर्ता नं. | पीडितसँग सम्बन्धित घटना/मुद्दा | प्रदान गरिएको सेवा | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लत्ता कपडा | | मनोसामाजिक परामर्श | कानूनी परामर्श | पारिवारिक पुलर्मिलन | स्वास्थ्य उपचार | सीप विकास | | |
| | | | | साधारण | जाडो | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**किताव नं. ४**

**संरक्षकको जिम्मा बुझाइएको वा संस्थागत स्याहारमा पठाइएका पाँच वर्ष भन्दा माथिका बालबालिकाको अभिलेख किताव**

| सि.नं. | बालबालिकाको | | | अभिभावकको | | अधिभावकसँग सम्बन्धित घटना /मुद्धा | संरक्षकको जिम्मामा पठाइएको | | | संस्थागत स्याहारमा उठाइएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | उमेर | लिङ्ग | नाम थर | ठेगाना | | जिम्मा बुझ्ने संरक्षकको नाम | बालबलिकासँग निजको नाता | मिति | संस्थाको नाम ठेगाना | मिति | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची-११

(दफा ४२ को उपदफा (३) सँग सम्बन्धित)

**मासिक र वार्षिक प्रतिवेदनको ढाँचा**

**फाराम नं. १**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**वि.सं. ...साल...महिनाको पीडित र बालबालिकाको संख्या जनाउने मासिक प्रतिवेदन**

| पीडितको विवरण | गत महिना सम्मको | यस महिनाको | जम्मा | आश्रित बालबालिकाको विवरण | गत महिना सम्मको | यस महिनाको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| थप भएका पिडित | | | | थप भएका बालबालिका | | | |
| सामाजिक पुनर्स्थापना गरिएका पीडित | | | | संस्थागत स्याहारमा पठाइएका वा अभिभावकसँगै पुनर्स्थापनागरिएका बालबालिका | | | |
| बाँकी रहेका पिडित | | | | बाँकी रहेको बालबालिका | | | |

तयार गर्ने
नामथरः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामथरः
पदः
दस्तखतः

**फाराम नं. २**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**वि.स. ...... साल ...... महिनाको पीडितलाई प्रदान गरिएको सेवाको मासिक प्रतिवेदन**

| | परामर्श सेवा | कानूनी परामर्श सेवा | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार | सीप विकास तालिम |
|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | |
| यस महिनाको | | | | | |
| जम्मा | | | | | |

(द्रष्टव्यः प्रत्येक पटक उपलब्ध गराएको सेवाको लागि एक पटक मानी कति पटक त्यस्तो सेवा उपलब्ध गराइएको हो सो संख्या उल्लेख गर्ने)

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

**फाराम नं. ३**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र
पोखरा

**वि.स. .......साल .......महिनाको घटनाको आधारमा पीडितको प्रकार उल्लेख भएको मासिक प्रतिवेदन**

| | जवरजस्ती करणी | जवरजस्ती करणी उद्योग | ज्यान सम्बन्धी | मानव बेचबिखन तथा ओसारपसार | घरेलु हिंसा | अन्य |
|---|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने
नामथरः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामथरः
पदः
दस्तखतः

**फाराम नं. ४**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**वि.स. ......साल ...महिनाको पिडितहरूको मासिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | बालबालिका | ज्येष्ठ नागरिक | अपाङ्गता भएका व्यक्ति | दलित | आदिवासी जनजाति | अन्य |
|---|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

**फाराम नं. ५**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**वि.स. .......साल ......महिनाको शैक्षिक योग्यताको आधारमा पीडितहरूको मासिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | निरक्षर | सामान्य साक्षर | आधारभूत शिक्षा उत्तीर्ण | विद्यालय शिक्षा उत्तीर्ण | उच्च शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने
नामथरः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामथरः
पदः
दस्तखतः

**फाराम नं. ६**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**आ व. ....... पीडित र बालबालिकाको संख्या जनाउने वार्षिक प्रतिवेदन**

| पीडितको विवरण | गत वर्ष सम्म को | यस वर्ष को | जम्मा | आश्रित बालबालिकाको विवरण | गत वर्ष सम्म को | यस वर्ष को | जम्मा |
|---|---|---|---|---|---|---|---|
| थप भएका पीडित | | | | थप भएका बालबालिका | | | |
| सामाजिक पुनर्स्थापना गरिएका पीडित | | | | संरक्षकको जिम्मा लगाइएका संस्थागत स्याहारमा पठाइएका वा अभिभावकसँगै पुनर्स्थापनागरिएका बालबालिका | | | |
| बाँकी रहेका पीडित | | | | बाँकी रहेका बालबालिका | | | |

तयार गर्ने
नामथरः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामथरः
पदः
दस्तखतः

**फाराम नं. ७**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र
पोखरा

**आ व. ........ पीडितलाई प्रदान गरिएको सेवाको वार्षिक प्रतिवेदन**

| | परामर्श सेवा | कानूनी परामर्श सेवा | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार | सीप विकास तालिम |
|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | |
| यस महिनाको | | | | | |
| जम्मा | | | | | |

तयार गर्ने
नामथरः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामथरः
पदः
दस्तखतः

**फाराम नं. ८**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**आ.व. .......को घटनाका आधारमा पीडितको प्रकार उल्लेख भएको वार्षिक प्रतिवेदन**

| | जवरजस्ती करणी | जवरजस्ती करणी उद्योग | ज्यान सम्बन्धी | मानव बेचबिखन तथा ओसारपसार | घरेलु हिंसा | अन्य |
|---|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

<u>तयार गर्ने</u>

नामथरः

पदः

दस्तखतः

<u>प्रमाणित गर्ने</u>

नामथरः

पदः

दस्तखतः

**फाराम नं. ९**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**वि.स. .......... सालको पिडितहरूको वार्षिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | बालबालिका | ज्येष्ठ नागरिक | अपाङ्गता भएका व्यक्ति | दलित | आदिवासी जनजाति | अन्य |
|---|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

**फाराम नं. १०**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**वि.स. ........ साल ....... महिनाको शैक्षिक योग्यताको आधारमा पीडितहरूको मासिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | निरक्षर | सामान्य साक्षर | आधारभूत शिक्षा उत्तीर्ण | विद्यालय शिक्षा उत्तीर्ण | उच्च शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

**फाराम नं. ११**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा

**वि.स. ........ सालको शैक्षिक योग्यताको आधारमा पीडितहरूको वार्षिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | निरक्षर | सामान्य साक्षर | आधारभूत शिक्षा उत्तीर्ण | विद्यालय शिक्षा उत्तीर्ण | उच्च शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| यस महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने
नामथरः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामथरः
पदः
दस्तखतः

अनुसूची-१२

(दफा ४३ सँग सम्बन्धित)

**पुनर्स्थापना गृहको छापको नमूना**

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

पोखरा।

गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र

**लेटरप्याडको नमूना**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश दीर्घकालीन पुनर्स्थापना केन्द्र
पोखरा

पत्र संख्याः

चलानी नं.

मितिः

आज्ञाले,
नवराज ढकाल
प्रदेश सरकारको सचिव